# स्थानीय राजपत्र

स्थानीय सरकार विदुर नगरपालिका, विदुर, नुवाकोट, बागमती प्रदेश, नेपालद्वारा प्रकाशित

वर्ष ४, संख्या ११ | २०७७ पौष ५ गते | बिक्री मुल्य रु. ०।००

## भाग ३

स्थानीय सरकार

## विदुर नगरपालिका

विदुर, नुवाकोट

बागमती प्रदेश, नेपाल

*नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७७।०९।०३*

# साधारण निर्माण जन्य पदार्थको संकलन, उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७

# साधारण निर्माण जन्य पदार्थको संकलन, उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना :**

विकास निर्माण एवं निजि आवास लगायत कार्यका लागि आवश्यक पर्ने ढुंगा गिट्टी वालुवा लगायतका नदिजन्य तथा खानिजन्य पदार्थहरुको अभाव हुन नदिई सहज रुपमा आपुर्ति गर्न,तत्काल भुकम्प पिडितहरुलाई सहज आपूर्ति गर्न, निषेधित क्षेत्रबाट नदीजन्य र खानीजन्य पदार्थ चोरी उत्खनन् तथा निकासीलाई निरुत्साहित गर्न साथै बिक्री वितरण र निकासी अनुगमन तथा नियमन गरी त्यस्ता पदार्थको संकलन, उत्खनन्, गरी निर्माण सामाग्रीको अभावलाई सहज आपुर्ती गर्न जरुरी भएकोले नेपालको संविधान बमोजिमको कार्य गर्ने गरि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि नगर कार्यपालिका बैठकबाट यो "साधारण निर्माण जन्य पदार्थको संकलन, उत्खनन्,बिक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७७" जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "साधारण निर्माण जन्य पदार्थको संकलन, उत्खनन्,बिक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७७" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई बुझाउने छ ।

(ख) "कार्यविधि" भन्नाले "साधारण निर्माण जन्य पदार्थको संकलन, उत्खनन्,बिक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७७" जनाउनेछ ।

(ग) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई जनाउनेछ ।

(घ) "अनुगमन समिति" भन्नाले यस कार्यविधिको दफा १२ अनुसार गठित अनुगमन तथा समन्वय समितिलाई जनाउने छ ।

(ङ) "साधारण निर्माण जन्य पदार्थ" भन्नाले उत्खनन् गर्न अनुमति भएको नदि,वगर वा खानी क्षेत्रवाट संकलन र उत्खनन् गर्दा निस्कने रोडा, ढुङ्गा, वालुवा, मिस्कट, पांगो र भरुवा समेतलाई जनाउने छ ।

(च) "सिफारिस समिति" भन्नाले यस कार्यविधिको दफा १३ अनुसार गठित सिफासि समितिलाई जनाउने छ ।

(छ) "नदिजन्य पदार्थ" भन्नाले नदी वा नदी किनारावाट उत्खनन गरीएको ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माण मुखी पदार्थलाई सम्झनु पर्दछ ।

(ज) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भीक वातावरणिय परिक्षण वा वातावरणिय प्रभाव मुल्यांकन सम्वन्धमा तयार गरीएको प्रतिवेदन सम्झनु पर्दछ ।

(झ) "वातावरणीय प्रभाव मुल्यांकन" भन्नाले वातावरण संरक्षण ऐन २०७६ को दफा २ (फ) वमोजिमको अध्ययन तथा मुल्यांकन सम्झनु पर्दछ ।

(ञ) "संक्षिप्त वातावरणीय अध्ययन" भन्नाले वातावरण संरक्षण ऐन २०७६ को दफा २ (म) वमोजिमको अध्ययन तथा मुल्यांकन सम्झनु पर्दछ ।

## परिच्छेद २
## उद्देश्य तथा क्षेत्र निर्धारण

**३. कार्यविधिको उद्देश्य :**

(१) विकास निर्माण एवं निजी प्रयोगको लागी आवश्यक पर्ने माटो,ढुङ्गा, गिट्टी वालुवा लगायत साधारण निर्माण जन्य पदार्थको अभाव हुन नदिई सहज आपुर्ति गर्न एवं अनियन्त्रित ओसार प्रसार एवं विक्रिवितरण रोकी आवश्यक व्यवस्थापन गर्ने ।

(२) भुकम्पको कारण सम्पन्न गर्नु पर्ने पुन:निर्माणकोबाँकी कार्य सम्पन्न गर्न आवश्यक साधारण निर्माणमुखी पदार्थहरुको आपूर्तिमा बिद्यमान अभाव र महंगीलाई व्यवस्थापन गर्ने ।

(३) वालुवा, रोडा, ढुङ्गा र माटोजन्य पदार्थको प्रयोग वापत संकलित रकमबाट विकास निर्माणका लागि श्रोत ब्यवस्थापन गर्ने ।

(४) प्राप्त शुल्कबाट स्थानीय तहको वातावरण व्यवस्थापन सहजीकरण गर्ने ।

४. **संकलन तथा उत्खननको लागि निर्धारित क्षेत्र:** (१) विदुर नगर पालिकाको कार्यपालिका वैठकवाटदेहाय वमोजिमको स्थानलाई नदिजन्य तथा खानिजन्य पदार्थको उत्खनन तथा संकलन गरिने क्षेत्र निर्धारण गरिने छ ।

(क) विदुर नगर पालिका क्षेत्र भित्र रहेका नदि जन्य पदार्थको उत्खनन तथा संकलन गर्ने गरी स्वीकृत वातावरणिय अध्ययन प्रतिवेदनले तोकेका क्षेत्रहरु ।

(ख) नदि खोला र खहरेमा वाढि पहिरोका कारण थुप्रिन गएका निर्माण जन्य पदार्थवाट वस्ती एवं भौतिक संरचनाहरुमा जोखिम उत्पन्न भएको वा हुन सक्ने कुरा प्राविधिक टोलीको सिफारिसको आधारमा जिल्ला विपद व्यवस्थापन समितिद्धारा त्यस्ता पदार्थ हटाउनु पर्ने भनी तोकेका स्थानहरु ।

(ग) निजि हकभोगको जग्गामा रहेको वालुवा, गिट्टि, ढुङ्गा र माटो जन्य पदार्थ संकलन उत्खनन् गर्न प्रचलित कानुन वमोजिम अनुमति प्राप्त स्थानहरु ।

(घ) सार्वजानीक जग्गामा रहेको गिट्टि ,वालुवा, ढुङ्गा र माटो जन्य पदार्थ उत्खनन् गरी वालुवा, ढुङ्गा र माटोजन्य पदार्थ निकाल्न सम्बन्धित निकायबाट अनुमति प्राप्त क्षेत्र ।

(ङ) विभिन्न प्रकृतिका भौतिक संरचनाहरु निर्माण र निजि जमिनलाई खेतियोग्य बनाउने क्रममा ढुंङ्गा तथा माटोजन्य पदार्थ हटाउनु पर्दा सम्बन्धित निकायबाट तोकिएको क्षेत्र

(च) प्रचलित कानुन वमोजिम निर्माण सामग्री आपुर्तिको लागी तोकिएको क्षेत्र ।

## परिच्छेद ३
## साधारण निर्माण जन्य पदार्थको संकलन, उत्खनन् र विक्रि सम्वन्धी व्यवस्था

५. **साधारण निर्माणजन्य पदार्थको संकलन, उत्खनन् र विक्रि सम्वन्धी व्यवस्थाः**(१) विदुर नगरपालिकाले नदिजन्य पदार्थको संकलन, उत्खननर विक्रि गर्दा देहाय वमोजिम गर्नेछ ।

(क) साधारण निर्माण जन्य पदार्थको संकलन, उत्खनन् सम्बन्धी कार्ययोजना तयार गरी नगर कार्यपालिकाबाट स्विकृत गर्ने ।

(ख) प्रचलित कानुन वमोजिमवातावरणीय अध्ययन प्रतिवेदन तयार गरी स्वीकृत गर्ने, गराउने ।

(ग) साधारण निर्माण जन्य पदार्थको उत्खनन,संकलन एवं विक्रि वितरणको दर रेट अनुसूची १ बमोजिम हुनेछ।

(घ) प्रत्येक वर्ष स्वीकृत वातावरणिय अध्ययन प्रतिवेदनमा उल्लेखित परिमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अद्यावधिक गर्ने गराउने ।

(ङ) साधारण निर्माणजन्य पदार्थको संकलन उल्खनन गर्दा स्वीकृत दरमा उत्खनन, संकलनको अनुमति र विक्रिको लागी कम्तीमा ७ दिने सूचना प्रकाशित गर्नुपर्नेछ । सूचना प्रकाशन गर्दा कुनै प्रस्ताव प्राप्त हुन नआएमा वा प्राप्त प्रस्तावहरु कानुन बमोजिम अस्विकृत भै सो सम्बन्धी कार्य सम्पन्न हुन नसकेमा वा अन्य कारणबाट उत्खनन संकलन र विक्री को बन्दोवस्त हुन नसकेमा नगरपालिकाले निर्णय गरी स्थान विशेषको लागि छुट्टाछुट्टै परिमाण यकिन गरी सम्झौता समेत गरी उत्खनन संकलन एवं विक्री वितरण अनुमती प्रदान गर्ने ।

(च) नदिजन्य साधारण निर्माणमुखी नदिजन्य पदार्थको उत्खनन तथा संकलन गर्ने अनुमति प्रदान गर्दा कार्य सुरु हुने र बन्द हुने समयअवधी किटान गरी दिनु पर्नेछ ।

(छ) नदिजन्य पदार्थको संकलन र उत्खनन् दुई वा दुई भन्दा स्थानीय तहको क्षेत्र भित्र पर्ने अवस्था भएमा संयुक्त समिति बनाई संकलन र उत्खनन्को व्यवस्था मिलाउन सकिनेछ ।

(ज) नदिजन्यपदार्थ उत्खनन् गर्दा सामान्यतया श्रममूलक प्रविधिको प्रयोग गर्नु पर्नेछ तर मेशिनको प्रयोग गर्नु पर्ने भएमा वातावरणिय अध्ययन प्रतिवेदनमा उल्लेखित शर्त र सिमा भित्र रही गर्नु पर्नेछ ।

(२) विदुर नगरपालिकाले नगर क्षेत्र भित्रका नदिनालामा वर्षामा वगेर आउने वालुवालाई वातावरणिय अध्ययन प्रतिवेदनको आधारमा निश्चित ठाउमा नदिमा वाध वनाई तोकिए वमोजिम वालुवा हार्भेटिङ् गरेर विक्रि वितरण गर्न सक्नेछ ।

६ **स्थानिय प्राकृतिक स्रोत संग सम्बन्धीत साधारण निर्माण जन्य पदार्थ विक्रि वितरण सम्वन्धी विशेष व्यवस्था** :स्थानिय प्राकृतिक स्रोत संग सम्वन्धीत साधारण निर्माण जन्य पदार्थको

संकलन उत्खनन एवं विक्रिको लागी स्वीकृती प्रदान गर्दा स्थान निर्धारण गरी प्राविधिक जांचको आधारमा स्वीकृत दर रेटमा उत्खनन संकलन एवं विक्रि वितरण गर्नआवस्यक सम्झौता गरी अनुमति प्रदान गर्नु पर्नेछ ।

७. **खानीजन्य पदार्थको उत्खनन सम्वन्धी व्यवस्था :**खानी जन्य पदार्थको उल्खनन तथा संकलन प्रचलित कानुन वमोजिम अनुमति लिई गर्नु पर्नेछ ।

८. **निजि स्वामित्वको जग्गा जमिनको भौतिक संरचना परिवर्तन गर्नको निवेदन दिनु पर्ने :** (१) निजी हक भोग तथा स्वामित्वको जग्गाको कृषि उपयोगको लागी वा उद्योग कलकारखाना स्थापना गर्न वा जोखिम न्युनिकरण गर्न वा अन्य कुनै जरुरी प्रयोजनका लागी जग्गा सम्याउन वा जग्गा जमिनको भौतिक संरचना परिवर्तन गर्नु पर्ने भएमा सम्वन्धीत जग्गाधनिले सोवाट निस्कने ढुंगा,माटो, बालुवा निकाली प्रयोग तथा विक्रि वितरण चाहेमा विदुर नगरपालिकावाट सो प्रयोजनको अनुमति लिनु पर्नेछ ।

(२) प्राप्त निवेदन उपर नगरपालिकाको प्राविधिक प्रतिवेदन सहित निर्माणजन्य सामाग्री सिफारिस समितिको सिफारिसको आधारमा निजी स्वामित्वको जग्गा जमिनको भौतिक संरचना परिवर्तन गर्न नगरपालिकाद्धारा अनुमति प्रदान गर्नुपर्नेछ ।

(३) उपदफा १बमोजिमको प्रयोजनको लागी अनुमती प्राप्त गर्न सम्वन्धीत व्यक्तिले देहाय वमोजिम कागजात वा विवरण उल्लेख गरी नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्ने छ ।

(क) आफ्नो हकभोगको जग्गा धनी प्रमाणपूर्जाको फोटोकपि ।

(ख) चार किल्ला सधियारको नागरिकता एवं जग्गा धनी प्रमाणपूर्जाको प्रतिलिपी सहितको विवरण र सहमती पत्र,

(ग) फिल्ड नक्शा, ट्रेस नक्शा, ब्लु प्रिन्ट नक्शा,

(घ) नागरिकताको प्रमाणित प्रतिलिपि,

(ङ) जग्गा भाडामा प्रयोग गर्ने भए जग्ग धनिको किटानी मन्जुरीनामा

(च) आफूले जग्गा सम्याउँदा वा भौतिक संरचना परिवर्तन गर्दा निस्कने साधारण निर्माण मुखी पदार्थको परिमाणको विवरण,

(४) उपदफा (३) वमोजिमको निवेदन प्राप्त भएपछि निवेदकको माग वमोजिमको प्रयोजनको लागी जग्गा सम्याउने वा भौतिक संरचना परिवर्तन गर्दा निस्कने ढुंगा माटो ,वालुवा उत्खनन, संकलन तथा विक्रि वितरण गर्न सम्वन्धमा आवस्यक जांचवुझ गरी नगरपालिकाले अनुमति प्रदान गर्न सक्नेछ ।

(५) उपदफा (४) वमोजिम अनुमति प्रदान गर्नु पहिले निर्माण जन्य सामाग्री सिफारिस समितिले आवस्यकतानुसार नगर उद्योग विकास शाखाको प्रतिनिधि, सम्वन्धीत

ग्गाको सधियार र निवेदक समेतलाई समावेश गरी आवश्यक जाचवुझ गरी स्थलगत निरिक्षण गर्नु पर्नेछ ।

(६) उपदफा (५) वमोजिम स्थलगत अध्ययन निरिक्षण गर्दा जग्गा सम्याउने प्रयोजनको लागी उत्खनन एवं संकलन गर्न प्रस्तावित स्थलवाट ढुंगा, माटो, वालुवा निकाल्दा सधियारहरुलाई हानी नोक्सानी पर्ने नपर्ने, सार्वजनिक जग्गा, वन जंगल, पानी मुहान, सडक, पाटी पौवा, मन्दीर, भवन, आदी तथा अन्य सार्वजनिक वा व्यक्तिगत संरचनामा तत्काल, अल्पकाल र दीर्घकाल असर पर्ने हो होइन यकीन गर्ने तथा संकलन गर्न सकिने वस्तुको परिणाम समेत यकिन गरी गराई अनुमति प्रदान गर्नु पर्ने छ ।

(७) उपदफा (४) वमोजिम निजी जग्गा सम्याउदा वा भौतिक संरचना परिवर्तन गर्नअनुमति प्रदान गर्दा उत्खनन गर्ने अवधि एवं अन्य आवस्यक शर्तहरु उल्लेख गरी प्रदान गर्नु पर्नेछ ।

९. **प्राथमिकता प्राप्त आयोजनाको लागी साधारण निर्माणजन्य सामाग्री उपलव्ध गराउनु पर्ने :** (१)नेपाल सरकार, प्रदेश सरकार, स्थानिय तह र विकास साझेदारहरुवाट संचालित ठुला, रुपान्तरणकारी,राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरुलाई आवश्यक पर्ने ढुंगा, गिट्टि वालुवाको अभाव हुन नदिन वातावरणिय अध्ययन प्रतिवेदनको पालना हुने गरी नगरपालिका कार्यालयले तोकिए वमोजिमको शुल्क वा दस्तुर लिई आयोजना कार्यालयको सिफारिस अनुसार देहाय वमोजिमको कागजातका आधारमा तोकिएको स्थानवाट निर्माण सामाग्री संकलन, उत्खनन एवं प्रसोधन तथा ओसार पसार गर्ने अनुमति प्रदान गर्न सक्नेछ ।

(क) सम्वन्धीत आयोजना कार्यालयको आवस्यक परिमाण खुल्ने व्यहोराको सिफारिस,

(ख) सम्वन्धीत निकायले स्वीकृत गरेको वातावरणिय अध्ययन प्रतिवेदन,

(ग) निर्धारित शुल्क वा दस्तुर तिर्ने प्रतिवद्धता पत्र,

(घ) आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन,

(ङ) आयोजना संचालन गर्ने गरी भएको सम्झौता,

(च) आयोजना संचालन गर्ने व्यक्ति वा संगठित संस्थाको दर्ता संग सम्वन्धीत कागजातहरु,

(छ) तोकिए वमोजिमका अन्य कागजातहरु ।

(२) उपदफा १ वमोजिम संचालित आयोजनाहरुको लागी आवश्यक पर्ने ढुंगा गिट्टि वालुवाको ओसार पसार र ढुवानी गर्दा कार्यविधिमा उल्लेखित प्रकृया पुरा गर्नु पर्नेछ ।

(३) विदुर नगरपालिका आफैले संचालन गर्ने आयोजनाको लागी आवस्यक पर्ने साधारण निर्माणमुखी नदिजन्य पदार्थको हकमा यस कार्यविधी वमोजिम विक्रि मुल्य एवं शुल्क नलाग्ने गरी छुट गर्न सक्नेछ ।

(४) विदुर नगरपालिका क्षेत्र भित्र हुने सडक निर्माण वा विस्तारको क्रममा सडक अधिकार क्षेत्र भित्रवाट निस्कने ढुंगा गिट्टी वालुवा जस्ता निर्माण समाग्री सम्बन्धीत आयोजनाले उपयोग गर्दा त्यस्तो समाग्रीको परिमाणका आधारमा लाग्ने विक्रि मुल्य नगरपालिकामा वुभ्काएर मात्र उपयोग गर्न सक्नेछ ।

१०. **उत्खनन्, संकलन र बिक्री वितरण कार्य गर्दा पालना गर्नु पर्ने शर्तहरु :** उत्खनन्, संकलन र बिक्री वितरण कार्यको लागी अनुमति पाउने व्यक्ति/फर्मले पालना गर्नु पर्ने शर्तहरु देहाय वमोजिम हुने छ ।

(१) ढुंगा, वालुवा र माटो लगायत साधारण निर्माणमुखी सामाग्रीको बजार मूल्य नियमित गर्न उत्खनन् स्थल, बजार दुरी र उत्खनन् संकलन लागत एवं अन्य अनुमति प्राप्त व्यक्ति वा फर्मको प्रचलित वजार दर समेतलाई ध्यान राखि नगर कार्यपालिकाले अधिकतम बिक्रि दररेट तोक्न सक्नेछ । यसरी तोकिएको दर रेटलाई सम्वन्धीत अनुमति प्राप्त व्यक्ति वा फर्मले अवलम्वन गर्नु पर्नेछ ।

(२) साधारण निर्माणमुखी सामाग्री संकलन गरी सोको बिक्री पछि बनेको खाडललाई माटोले पुनःभरण गर्ने लगायत जोखिम कम गर्ने अन्य उपयुक्त उपाय अवलम्वन गर्नु पर्ने छ ।

(३) दफा ६ वमोजिम अनुमति प्राप्त व्यक्तिले सो निर्माण जन्य सामाग्रि उत्खनन एवं संकलन गर्दा विदुर नगर पालिकाले तोके वमोजिम विक्रि शुल्क विदुर नगरपालिकालाई बुझाउनु पर्नेछ । तर संकलित समाग्री अन्य जिल्लामा निकासी गर्दा न.पा.को समन्वयमा थप शुल्क निर्धारण गर्न सकिने छ ।

(४) साधारण निर्माणमुखी सामाग्री बिक्री वितरण गर्दा अनुमति प्राप्त व्यक्तिले विदुर नगरपालिकावासी, नुवाकोट जिल्लाबासी र अन्य क्षेत्रकोलाई क्रमशः प्रथमिकताको आधारमा दिनुपर्नेछ ।

(५) उत्खनन् पश्चात अस्थायी अनुमति प्राप्त फर्म वा ब्यक्तिले उत्खनन् एवं संकलन पश्चात छनौट गरी छाडिएको काम नलाग्ने वस्तु बलौटा, पांगो वा चोकर वा अन्य वाई प्रडक्टको उचित ब्यवस्थापन गर्नु पर्नेछ । साथै सो वाट निस्कीएको फोहर पानिलाई आवस्यक ट्रिटमेन्ट प्लान्ट मार्फत सफा गरे पश्चात मात्र स्थानिय नदी,खोलामा खसाल्ने व्यवस्था गर्नु पर्नेछ ।

(६) सडक विभाग र सम्वन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा ढुंगा, वालुवा र माटो उत्खनन् र संकलन गर्न वा सञ्चय गर्न पाइने छैन ।

(७) उत्खनन् तथा संकलन स्थलवाट मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै पनि कार्य गर्न गराउन पाइने छैन ।

(८) संकलन र उत्खनन् गरिएको सामान्य निर्माणमुखी ढुङ्गा, वालुवा, तथा माटो जस्ता पदार्थ स्थानीय तहबाट स्वीकृत परिमाण भन्दा बढ्ने गरी संकलन एवं संचय गर्न पाइने छैन ।

(९) उत्खनन एवं संकलन अनुमती माग गर्ने कम्पनी वा फर्मले व्यवसाय सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति, कम्पनी वा फर्मको हुनेछ ।

(१०) उपयोगयुक्त निर्माणजन्य सामाग्रीको उत्खनन र संकलन पश्चात विक्री वितरण गर्दा अनुसूची २ बमोजिमको न्युनतम विक्री मुल्य निर्धारण गरिएको छ ।

**११. उत्खनन् परिमाण नियन्त्रण विधि** : (१) संकलन तथा उत्खनन् अनुमति दिनु पूर्व प्राविधिकबाट गरिएको नाप जाच तथा रेखांकनका आधारमा उत्खनन् लाईन लेभल दिनु पर्नेछ ।

(२) यस कार्यविधि बमोजिम उत्खनन् एवं संकलन भएको स्थलमा नगरपालिकाद्धारा नियमित अनुगमन गर्नु पर्नेछ ।

(३) दैनिक उत्खनन् गरिएको नदीजन्य एवं खानीजन्य पदार्थको समेत तोकिए वमोजिम ढाचामा दैनिक उत्खनन् अभिलेख राख्नु पर्ने छ ।

(४) दैनिक विक्री निकासी तेरिज तयार गरी नगर पालिका कार्यालयमा पठाउने र कार्यालयले सो को अभिलेख राख्नुपर्ने छ ।

(५) प्राविधिक नापजाच प्रतिवेदन वा दैनिक हुने विक्रिको परिमाणको आधारमा निर्माण जन्य सामाग्री सिफारिस समितिको सिफारिसमा नगर कार्यपालिकाले निश्चित समयअविधि तोकि अनुमति दिनेछ ।

**१२. साधारण निर्माणजन्य पदार्थको ओसार पसार गर्ने विधि :** (१)सामान्य निर्माणमुखी पदार्थ ढुवानी गर्ने साधनले संकलन वा उत्खनन् स्थलबाटै ढुवानी साधनलाई छोपी प्रदुषण नहुने व्यवस्था मिलाउनु पर्नेछ । यस्ता ढुवानी साधनको गति ४० कि.मी. प्रति घण्टा भन्दा बढी हुन नपाउने र पानी चुहाउन समेत नपाउने व्यवस्था मिलाउनु पर्ने छ ।

(२) सामान्य निर्माणमुखी पदार्थ उत्खनन् भएको स्थानबाट ओसार पसार गर्ने समय दिनमा मात्र तोकि दिनु पर्नेछ ।

(३) वाटोमा धुलो तथा ध्वनी प्रदुषण हुन नदिन ढुवानी गर्दा मानव वस्तीको मार्गमा धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध उत्खनन्कर्ता र ढुवानीकर्ताले मिलाउनु पर्नेछ ।

(४) ढुवानी गर्ने सवारीले ढुवानी अवधी भार प्रेसर हर्न प्रयोग गर्न निषेध गर्ने र सो को प्रभावकारी कार्यान्वयनको निमित्त नेपाल प्रहरी र नगर प्रहरीलाई आवश्यकता वमोजिम परिचालन गर्ने गराउने व्यवस्था गर्ने ।

(५) निर्माण सामाग्री लोड गरी ओसार पसार गर्ने क्रममा लोड सवारी साधन गन्तब्यमा नपुगन्जेल सडकमा पार्किङ गर्न निषेध गरिनेछ । ढुवानी गरिएको पदार्थ कुनै पनि कारणले सडक किनारामा अनलोड गर्न पाउने छैन ।

(६) निर्माण सामाग्रीको ओसार पसार गर्न निर्धारण गरिए वमोजिम परिपालना भए नभए सम्बन्धमा कार्यविधिको दफा १५ वमोजिम गठित अनुगमन समिति मार्फत प्रभावकारी अनुगमनको प्रबन्ध गर्नेछ ।

## परिच्छेद४
## आयोजनाको लागि क्रसर उद्योगको सञ्चालन सम्बन्धी विशेष व्यवस्था

**१३. आयोजनाको लागि विशेष व्यवस्**थाः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ उपदफा २ (प) को अधिकार प्रयोग गरी यस नगरपालिका वा आसपासका क्षेत्रमा सञ्चालित नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारद्धारा सञ्चालित गौरवका आयोजना, ठुला आयोजना एवं मझौला तथा साना योजनाहरु लगायत भूकम्पबाट क्षेतिग्रस्त नीजि तथा सरकारी संरचनाको पुनर्निर्माणको लागि निर्माण जन्य सामाग्रीको अभाव हुन नदिनका लागि देहाय बमोजिमको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(क) प्रारम्भिक वातावरणीय अध्ययन गरेको स्थानमा मात्र तोकिएको बमोजिमको राजश्व बुझाई नदी जन्य निर्माणसामाग्रीको स्वीकृत लिई उत्खनन गर्न पाईनेछ ।

(ख) स्वीकृत परिमाण र प्रारम्भिक वातावरणीय अध्ययनमापदण्ड भन्दा फरक नपर्ने गरी उत्खनन गर्नुपर्नेछ ।

(ग) सम्बन्धीत आयोजनाको परिमाण सहितको सिफारिस पत्र वा मागपत्र पेश गर्नुपर्नेछ ।

(घ) अवधि बढीमा एक वर्ष मात्र।

(ङ) कुनै पनि सञ्चालित आयोजना वा योजनामा नदीजन्य पदार्थ उपलब्ध गराउन पर्दा आयोजना कार्यालयको आवश्यक परिमाण खुल्ने व्यहोराको सिफारिस र नगरपालिकाले स्वीकृत गरेको आई.ई.ई.मा उल्लेख भएको क्षेत्र भित्र पर्ने गरी आयोजनाको बृहत अध्ययन प्रतिवेदन एवं सञ्चालन अनुमति पाएको सम्झौता लगायतका कागजात उपलब्ध गराउन पर्ने ।

(च) आयोजना कार्यालयको परिमाण खुलेको पत्र र नगरपालिकाको प्राविधिक प्रतिवेदनको आधारमा आवश्यक राजश्व अग्रिम बुझाउन पर्नेछ ।

(छ) बैदेशिक सहायताबाट सञ्चालित वा अन्य विशेष परियोजनाहरुको हकमा संघीय, प्रदेश वा स्थानीय सरकारको निर्णय बमोजिम नदीजन्य पदार्थ निशुल्क उपलब्ध गराउन पर्ने भएमा सम्बन्धीत योजनाको सम्झौतामा सो विषय खुलेको हुनुपर्नेछ ।

(ज) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारबाट सञ्चालित योजनाहरुले नदीजन्य पदार्थको प्रयोग गर्दा अनिवार्य रुपमा नदीजन्य पदार्थको प्रदेशले तोके बमोजिमको निकासी कर तिर्नुपर्नेछ ।

(झ) निवेदकले क्रसर सञ्चालन गर्ने क्षेत्र निर्धारण गरी जग्गाको लालपूर्जा, ट्रेस नक्सा, ब्लु प्रिन्ट नक्सा सहित आयोजना सञ्चालन अनुमति र सम्झौता पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(ञ) जग्गा भाडामा लिने भए जग्गा धनिको मन्जुरीनामा पेश गर्नुपर्नेछ ।

(ट) जग्गाको चारै दिशाको सधिँयारको मन्जुरीनामा अनिवार्य पेश गर्नुपर्नेछ ।

(ठ) निर्माण सामाग्री ढुवानीमा संघीय वा प्रदेश सरकारले तोकेको ढुवानी सम्बन्धी सम्पुर्ण मापदण्ड पुरा गर्नुपर्नेछ ।

(ड) आयोजनाको लागि विशेष प्रकृतीको आयोजना सञ्चालन गर्नको लागि क्रसर उद्योग सञ्चालन गर्दा अनुसूची-३ बमोजिमको मापदण्ड पुरा गर्नुपर्नेछ ।

## परिच्छेद ५
## निर्माण जन्य सामाग्री सिफारिस समितिको गठन

**१४. निर्माण जन्य सामाग्री सिफारिस समितिको गठन** :(१) साधारण निर्माणजन्य सामाग्रिहरु ढुंगा, गिट्टि, माटो,वालुवा उत्खनन,संकलन, प्रसोधन एवं विक्रि वितरण कार्यको अनुमतिको लागि सिफारिस प्रदान गर्न देहाय वमोजिमको नगर निर्माण जन्य सामाग्री सिफारिस समितिरहनेछ ।

(क) नगरपालिका प्रमुख ............................................................संयोजक

(ख) प्रतिनिधि जिल्ला प्रशासन कार्यालय......................... ......... .....सदस्य

(ग) प्रतिनिधि जिल्ला वन कार्यालय.............................. .........सदस्य

(घ) प्रतिनिधि जिल्ला सडक कार्यालय............................... ........सदस्य

(ङ) जिल्ला नापि कार्यालयले तोकेको सर्भेयर ......................................सदस्य

(च) नगर कार्यपालिका सदस्य जना ३ ...... ......................................सदस्य

(छ) प्रतिनिधि प्राविधिक शाखा विदुर नगरपालिका.............................सदस्य सचिव

(२) उपदफा १ वमोजिम गठित समितिको वैठक आवस्यकता वमोजिम वस्न सक्नेछ । वैठक सम्वन्धी कार्यविधि समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

**१५. अनुमति प्रदान गर्ने :** (१) दफा १४ वमोजिम गठित सिफारिस समितिले सिफारिस गरे पश्चात नगर कार्यपालिकाले सो निर्माणजन्य सामाग्री उत्खनन एवं संकलन गर्न दिन उपयुक्त हुने ठहर गरेमा सोसिफारिसका आधारमा समयावधी, उत्खनन पद्धति, क्षेत्रफल,

निर्माणजन्य समाग्रीको नाम समेतका विवरणहरु एवं शर्तहरु उल्लेख गरी तोकिए वमोजिमको दस्तुर लिई  नियमानुसार अनुमति प्रदान गर्न सक्ने छ ।

(२) उपदफा (१) वमोजिम अनुमति प्रदान गर्नु भन्दा पुर्व सम्वन्धीत निकायवाट सहमति लिनु पर्ने देखिएमा सहमतिको लागी लेखि पठाउनु पर्नेछ ।

## परिच्छेद-६
## अनुगमन सम्वन्धी व्यवस्था

**१६. अनुगमन सम्बन्धी व्यवस्था** :(१) साधारण निर्माणजन्य सामाग्री उत्खनन् तथा प्रशोधनको लागि क्षेत्र, सिमांकन, परिमाण आदिको पूर्वनिर्धारण गर्न र वातावरणीय अध्ययन गरी सो को शर्तहरुको परिपालना, अनियमित संकलन र उत्खनन् परिमाणको नियन्त्रण, ढुवानी ब्यवस्था, राजश्व चुहावट तथा चोरी नियन्त्रण, हाल संचालनमा रहेका क्रशर उद्योगहरुको कार्यहरुको अनुगमन गर्न नगर उप प्रमुखको संयोजकत्वमा गठित देहाय वमोजिम अनुगमन समिति रहने छ ।

(क) नगर उप प्रमुख ............................... संयोजक
(ख) प्रतिनिधि जिल्ला प्रशासन कार्यालय ....................................... .... सदस्य
(ग) प्रतिनिधि जिल्ला वन कार्यालय ................................................ सदस्य
(घ) नापिकार्यालय .................................................. सदस्य
(ङ) कार्यपालिका सदस्य ४ जना .................................................. सदस्य
(च)उद्योग विकास शाखा प्रमुख............................................. -सदस्य सचिव

(२) रोडा ढुङ्गा,वालुवा माटोको उत्खनन् कार्य प्रारम्भ भै सकेपछि यस कार्यविधि बमोजिम भए नभएको नियमित अनुगमन गर्न सम्बन्धित उपदफा (१) वमोजिम गठित समितिले अनुगमन कार्यदल निर्माण गरी नियमित अनुगमन गर्न गराउन सक्नेछ ।

(३) संकलन, उत्खनन् तथा ओसार पसारका शर्तहरुको परिपालना, उत्खनन् परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण जस्ता कार्य सम्पन्न गर्न जुनसुकै बेला अनुगमन समितिले आवश्यक जनशक्ति परिचालन गर्न सक्नेछ ।

(४) अनुगमन कार्यका लागि परिचालित हुने अनुगमन समितिलाई अन्य सरकारी निकायले आवश्यकतानुसार सहयोग गर्नुपर्ने छ ।

(५) उल्लेखित अनुगमन व्यवस्था अनुसार उत्खनन् तथा ओसारपसारका लागि नियमानुसार भए नभएको विषयमा अनुगमन गरी अनुगमन समितिले आवश्यक कारवाहीका लागि नगर कार्यपालिकालाई प्रतिवेदन दिनुपर्ने छ ।

(६) अनुगमनका क्रममा शर्त उल्लघन गरेको वा राजश्वछलीगरी उत्खनन् तथा ओसार पसार गरेको, वा अनुमति नलिई उल्लेखित कार्य गरेको पाइएमा त्यस्ता संकलनकर्ता, उत्खनन्कर्ता र ढुवानीकर्तालाई स्थानीय तहले निर्धारण गरे बमोजिमको जरिवाना गरिने छ ।

## परिच्छेद ७
## निर्माणजन्य सामाग्रीको लिलाम सम्बन्धि व्यवस्था

**१७.निर्माणजन्य सामाग्रीको लिलाम सम्बन्धि व्यवस्था:** (१) नगर भित्रका नदि, खोला, खोल्सी तथा नीजि स्वामित्वका जग्गा जमिनमा अनाधिकृत रुपमा उत्खनन, संकलन गरी राखेका निर्माणजन्य सामाग्री नगरपालिकाले जफत गरी लिलामको माध्यमबाट विकि वितरण गर्न सक्ने छ । यसरी लिलाम हुने सामाग्री प्राविधिक मुल्याङ्कनको आधारमा परिमाण एकिन गरिनेछ ।

(२)दफा १७ बमोजिम लिलाम बिकि गर्दा देहाय बमोजिमको कार्यविधि अपनाइनेछ :

क) लिलाम सम्बन्धि बोलकबोलको लागि ७ दिने बोलपत्रको सुचना प्रकाशित गर्नु पर्ने छ ।

ख) सम्बन्धित जग्गाधनि वा वडावासी संघसंस्था वा व्यक्तिलाई प्राथमिकता प्रदान गरिनेछ ।

ग) न्युनतम बिकि मुल्य अनुसुची (४) बमोजिमको हुनेछ ।

घ) सुचना प्रकाशित गर्दा कसैको बोलकबोल नपरेको वा परेका निवेदनहरु सारभुतरुपमा प्रभावकारी नभएको अवस्थामा आपसी समझदारीमा सम्झौता गरिदिन सकिनेछ ।

## परिच्छेद-८
## विविध

१८. **अनधिकृत रुपमा उत्खनन् तथा संकलन गर्न नपाईने** :अनधिकृत रुपमा नदी नाला खोल्सा खोल्सीवाट रोडा ढुंगा, वालुवा एवं माटो उत्खनन् ,संकलन गर्न पाइने छैन । कसैले अनधिकृत रुपवाट उल्लेखित निर्माण जन्य समाग्री उत्खनन् एवं संकलन गरेमा विदुर नगरपालिकाले सो सामाग्रि जफत वा नियमानुसार जरिवाना गर्न सक्ने छ ।

१९. **अनुमति रद्द गर्न सक्ने व्यवस्था** : (१) विदुर नगर पालिकावाट साधारण निर्माणजन्य पदार्थ संकलन, उत्खनन,ओसार पसार एवं विक्रि वितरण गर्न प्राप्त गरेको अनुमति देहायको अवस्थामा रद्द वा खारेज गर्न सकिनेछ ।

(क) सार्वजानिक हित वा राष्ट्रिय सुरक्षा वा वातावरणमा प्रतिकुल असर पर्न सक्ने कार्य गरेमा ।

(ख) नियमानुसार तोकिएको रोयल्टी, शुल्क , दस्तुर आदी समयमा नवुझाएमा ।

(ग) यस कार्य विधि वमोजिम तोकिएको शर्तहरु पालना नगरेमा ।

(घ) तोकिए वमोजिमको पेश गर्नु पर्ने विवरण, प्रतिवेदन, सुचना आदी पेश नगरेमा ।

(ङ) कसैको उजुरी परी छानविन गर्दा अनुमति प्राप्त व्यक्तिले अनियमित एवं कानुन विपरित कार्य गरेको ठहरेमा तत्काल संकलन,उत्खनन एवं विक्रि वितरण कार्य तक्काल वन्द गर्न आदेश दिई अनुमति खारेज वा रद्द गर्न सक्नेछ ।

(२) उपदफा १ वमोजिम अस्थाई अनुमति खारेज गर्दा सम्वन्धीत व्यक्तिलाई सफाई पेश गर्ने मौकावाट वञ्चित गरिने छैन ।

२०. **आवश्यक निर्णय गर्न सक्ने :** यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि आम रुपमा साधारण निर्माणजन्य सामाग्रिहरु रोडा ढुंगा, गिट्टि, माटो तथा वालुवाको अभाव भै सर्वसाधारणलाई असुविधा पुग्न गएमा वा अन्य प्रयोजनको लागी सार्वजानिक स्थललाई उपयोग योग्य वनाउन आवस्यकता परेमा तोकिए वमोजिमको प्रक्रिया पुरा गरी गराई विदुर नगरपालिकाको नगर कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो सामाग्री उत्खनन् गर्न वा संकलन गर्ने गराउने व्यवस्था गर्न सक्नेछ ।

२१. **थपघट वा हेरफेर गर्न सक्नेः** यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगर कार्यपालिकाले आवश्यकतानुसार थपघट, हेरफेर र संशोधन गर्न सक्नेछन् ।

२२. **वाधा अडकाउ फुकाउने अधिकार :**

(१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

(२) यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम र नलेखिएकोमा प्रचलित नेपालसरकार, बागमती प्रदेश सरकार र विदुर नगरपालिकाको कानुन बमोजिम हुनेछ ।

२३. **खारेजी र वचाउ :**(१) यो कार्यविधि लागु हुनु पुर्व विदुर नगर पालिकाद्धारा जारी गरीएको “ढुङ्गा, गिट्टि, माटो, वालुवा संकलन, उत्खनन,बिक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७४” सँग बाझिएका बुदाँ मात्र खारेज भएको मानिनेछ ।
(२)यो कार्यविधि लागु हुनु अघि प्रचलित कानुन वमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि वमोजिम भए गरेको मानिने छ ।

अनुसूची १
(परिच्छेद ३ दफा ५ को उपदफा १ (ग) सँग सम्बन्धीत)

सार्वजनिक स्थानबाट साधारण निर्माण जन्य पदार्थको उत्खनन, संकलन एवं विक्रि वितरणको नगरपालिकामा बुझाउनु पर्ने निकासी कर बाहेकको दर रेट

| क्र.सं. | सामाग्रीको नाम | प्रति क्युफिट दर | कैफियत |
|---|---|---|---|
| १ | ढुंगाा | रु. २/- | |
| २ | ग्राभेल | रु. १/- | |
| ३ | बालुवा | रु. २/- | |
| ४ | माटो | रु. ०।५०/- | |

१. निजी स्वामित्वको जमिनबाट उत्खनन, संकलन एवं विक्री वितरण गरिने निर्माणजन्य सामाग्रीको नगरपालिकामा बुझाउनु पर्ने दररेट नगर सभाले तय गरे बमोजिम हुनेछ ।

२. नगरभित्र संचालित सामुदायिक शैक्षिक संस्था वा अन्य सरकारी कार्यालयहरुको आफ्नो नियमित संचालनको व्यवस्थाको लागी विवाद रहित नदि किनाराको स्थानबाट साधारण निर्माणजन्य सामाग्री उत्खनन संकलन र विक्री वितरण गर्न अनुमति मागेमा माथि उल्लखित दररेट शुल्क लाग्ने छैन र नगरपालिकाले आई.ई.ई. गरेको स्थानबाट सूचना प्रकाशित नगरी पनि अनुमति प्रदान गर्न सक्नेछ । उक्त संस्थाहरुले निर्माण जन्य सामाग्रीको उत्खनन, संकलन, विक्री एवं ढुवानीमा कार्यविधिको शर्तहरु लागु हुनेछन् ।

अनुसूची २

(परिच्छेद ३ दफा १० को उपदफा १०सँग सम्बन्धीत)

सार्वजनिक/निजी स्थानबाट साधारण निर्माण जन्य पदार्थको उपभोगयोग्य सामाग्री तयार गरी विक्री वितरण गर्दाको निकासी कर बाहेक अधिकतमदर रेट (लोड/अनलोड सहित)

| **क्र.सं.** | **सामाग्रीको नाम** | **प्रति क्युफिट दर** | **कैफियत** |
|---|---|---|---|
| १ | ढुंगाा | रु. २५/- | |
| २ | बालुवा | रु. २०/- | |

माथि उल्लेखित दररेट भन्दा बढी दरमा विक्री वितरण गरेको पाईएमा उक्त सामाग्री जफत गरी श्रोत समेत बन्द गराईकानुन बमोजिम कार्वाहीको व्यवस्था गरिनेछ।

## अनुसुची (३)

### परिच्छेद४ को दफा १३ (ड) संग सम्बन्धित

### दुरी सम्बन्धी मापदण्ड

| क्र.सं. | विवरण | दुरी सम्बन्धी मापदण्ड |
|---|---|---|
| क | नदी, खोलाको वर्षातको प्रवाह सीमा किनारबाट | १०० मि. |
| ख | हाईटेन्सन लाईनबाट | ५० मि. |
| ग | राजमार्गको Right of Way बाट | १०० मि. |
| घ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | ५०० मी. |
| ङ | वन तथा संरक्षण क्षेत्रबाट | ५०० मी. |
| च | घना वस्तीबाट | ५०० मी. |
| छ | पक्की पुलबाट | ५०० मि. |

नोटः दूरी मापद गर्दा उद्योगको अन्तिम सीमानाको बाहिरी घेराबाट मापन गर्नुपर्नेछ ।

## अनुसुची (४)

### परिच्छेद७ को दफा १७(२) संग सम्बन्धित

| क्र.स. | सामाग्रीको नाम | प्रति क्युफिट दर | कैफियत |
|---|---|---|---|
| १ | ढुगां | १३ | |
| २ | ग्राबेल | ५ | |
| ३ | बालुवा | ८ | |
| ४ | माटो | १ | |

प्रमाणीकरण मिति : २०७७/०९/०५

आज्ञाले
दिवाकर चापागाई
प्रमुख प्रशासकीय अधिकृत